गैरआवासीय नेपाली संघ,
Non Resident Nepali Association,
राष्ट्रिय समन्वय परिषद् कतार
National Coordination Council Qatar

# आप्रवासी नेपाली कामदारका चुनौती, अवसरहरु र एनआरएनएको भुमिका

# निष्कर्ष

**१८ मे २०१८, दोहा, कतार**

नेपाली राजदुतावास कतार र गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको संयुक्त आयोजनामा आयोजित आप्रवासी नेपाली कामदारका चुनौति, अवसरहरु र एनआरएनएको भुमिका विषयक कार्यशाला गोष्ठिमा गैरआवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारले पेश गरेको कार्यपत्र, सहजकर्ताहरुले पेश गरेका तथ्यांक सहितका रोजगारदातावाट ईजाजतवाला कम्पनीलाई प्रदान गर्ने सेवा शुल्क भुक्तानी, विद्यमान अवस्था, समस्या र समाधानका उपायहरु, प्रत्यक्ष र करार मार्फत कामदार आपुर्तिको तुलनात्मक अध्ययन, समिक्षक, प्यानलिष्ट, टिप्पणीकारहरु र कार्यशालामा उपस्थित सहभागिहरु विचको वहस र छलफलवाट तपसिल वमोजिमको निष्कर्ष तथा प्रतिवद्दता तयार पारेको छ ।

१. गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारले नेपाली श्रमिकहरुको हितलाई ध्यानमा राख्दै **"वैदेशिक रोजगारी कल्याणकारी कोष"** स्थापना गरेको घोषणा गर्दछ ।

२. वैदेशिक रोजगारमा जाने कामदारको मागपत्र नेपाली नियोगवाट अनिवार्य प्रमाणिकरण गराउन हालै नेपाल सरकारको निर्णयको गैरआवासिय नेपाली संघ हार्दिक स्वागत गर्दछ । यस सम्वन्धमा नेपालको श्रम कानुनमा नै सुधार गराउन माग गर्दछौं ।

३. सुचना, जानकारी र अभिमुखिकरण तालिमको अभावमा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारहरुले भोग्दै आएको समस्यालाई न्युनिकरण गर्नका लागि एनआरएनए एनसिसि कतारको तर्फवाट सम्वन्धित निकाय वा संस्थासँग समन्वयकारी भुमिका निर्वाह गर्नेछ ।

४. वैदेशिक रोजगारमा जाने कामदारहरुको हक हितका लागि सरकारी क्षेत्रवाट गर्न पर्ने सुधार तथा नियमनलाई प्रभावकारी वनाउनका लागि हार्दिक अपिल गर्दछ । साथै गैरआवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतार नेपाली राजदुतावाससँग सहकार्य गर्ने प्रतिवद्धता जाहेर गर्दछ ।

५. वैदेशिक रोजगार वा अन्य कारणले हुने नेपाली आप्रवासनले दिएका आयामहरुलाई नेपालको हित तथा समृद्धिमा सदुपयोग गर्न गैरआवासिय नेपाली संघ र नेपाल सरकारले समेत पहल गर्न पर्ने भएकाले त्यसका लागि सहकार्य गर्न गैरआवासिय नेपाली संघ हार्दिक आग्रह गर्दछ ।

६. सरकारका तर्फवाट मुलुकमा भित्रिने रेमिट्यान्सलाई उत्पादनमुलक क्षेत्रमा सदुपयोग गरि वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको सामाजिक सुरक्षा र लगानी सुरक्षाको समेत व्यवस्था गरि रेमिट्यान्सको सहि सदुपयोग गरि मुलुकको समृद्धिमा लगाउन सम्वन्धित पक्षसँग अपिल गर्दै गैरआवासिय नेपाली संघ सहकार्य गर्न प्रतिवद्धता जाहेर गर्दछ ।

७. आप्रवासन तथा वैदेशिक रोजगारीको क्रममा रहेर नेपालीहरुले सिकेका सिप, ज्ञान, कमाएको पुँजीलाई एकिकृत गरि सामुहिक र व्यक्तिगत लगानीलाई प्रश्रय दिई उद्धमशिलता विकास गरि मुलुक भित्र रोजगारीको श्रृजना गर्न हार्दिक अपिल गर्दछ ।

८. नेपाल सरकारको तर्फवाट वैदेशिक रोजगारीको लागि वनेका निति, नियमहरुलाई प्रभावकारी कार्यान्वियन र नियमन गराउन तथा निति नियममा गर्नपर्ने सुधारहरुलाई परिमार्जन गरि समय सापेक्ष वनाउनका लागि सम्वन्धित पक्षलाई हार्दिक अपिल गर्दछ ।

९. गैरआवासिय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषदसँग समन्वय गरि आईसिसिको केन्द्रिय कार्यलयमा नै सम्पर्क कार्यलय खोली संघको तर्फवाट नेपाली कामदारहरुको हकहितमा काम गर्ने पहल गर्ने प्रतिवद्धता जाहेर गर्दछ ।

१०. वैदेशिक रोजगारमा जाने नेपाली कामदारले तिर्दै आएको चर्को रोजगारी शुल्कलाई नियमन गरि सरकारले तोके वमोजिमको मात्र सेवा शुल्क लिई वैदेशिक रोजगारमा कामदारलाई पठाउनका लागि पहल गर्न सम्वन्धित निकायलाई हार्दिक अपिल गर्दछ ।

११. कतारमा नेपालीको रोजगारीलाई व्यवस्थित र मर्यादित वनाउन नेपाली नियोगका तर्फवाट आवश्यक समन्वय र परामर्श गर्ने तथा नेपालीहरुको दक्षतालाई उचित स्थान दिनका लागि वहुराष्ट्रिय कम्पनीहरुसँग समन्वय गरि रोजगार मेला गर्न आग्रह गर्दछौं ।

१२. आजको यो कार्यशाला गोष्ठिका लागि नेपाली राजदुतावास कतारले गरेका सहयोग र समन्वयका लागि हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि नेपाली राजदुतावाससँग सहकार्य गर्न गैरआवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतार प्रतिवद्धता जाहेर गर्दछ ।